# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७७/०७८

च.न. :

बिषय :- सवारी पार्किङ्गका लागि जग्गा लिजमा लिने सम्बन्धि शिलबन्दी दरभाउ पत्र आहवानको

प्रथम पटक प्रकाशित सूचना मिति : २०७८/०६/०१

उपरोक्त सम्बन्धमा यस धनगढी उप-महानगरपालिका वडा नं. ४ स्थित संचालनमा रहेको पुरानो बसपार्क संगै जोडिएको जमिन कम्तिमा १० कट्ठा (३३८६.३० बर्ग मी.) सो जमिन संग जाने कम्तिमा ६ मिटर बाटो संग यस उप-महानगरपलिका लाइ सवारी साधन पार्किङ्गका लागि आबश्यक रहेको हुँदा ईच्छुक जग्गा धनि व्यक्ति, फर्म संस्था कम्पनीले देहाय बमोजिमको सर्तहरुको अधिनमा रही रितपुर्बकको शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मितिसम्म व्यक्ति संस्था कम्पनीले लिखित निबेदन पेश गरी यस कार्यालयको राजस्व शाखाबाट तपसिलको दस्तुर बुझाई ( फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।

२. दरभाउ पत्र फाराममा आफ्नो सम्पूर्ण विवरण उल्लेख गरी तपसिलमा उल्लेखित मिति र समयभित्र यस कार्यालयको राजस्व शाखामा शिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। शिलबन्दी दरभाउ पत्र बुझाउदा खामको बाहिर धनगढी उप-महानगरपालिकालाई सम्बोधन गरी आफुले गर्न चाहेको कार्य सहित दरभाउ पत्रमा स्पस्ट संग उल्लेख गर्नुपर्नेछ।

३. दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा कार्यालयमा उपस्थित व्यक्ति संस्था र कम्पनी तथा कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर व्यक्ति फर्म ,संस्थान कम्पनीका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

तपसिल :

| सि.न. | कार्यको बिबरण | शिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउ पत्र खोलिने गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउ पत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | जमिन पार्किङ्गका लागि लिजमा लिने सम्बन्धमा | २०७८/०६/१५ कार्यालय समय भित्र | २०७८/०६/१७ गते दिनको १२:०० बजे | २०७८/०६/१७ गते दिनको २:०० बजे | १००० |

४. शिलबन्दी दरभाउ पत्र साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

(क) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी-१ थान

(ख) नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपी-१ थान

(ग) आ.ब.२०७८/०७९ को सम्पति कर तिरेको रसिदको प्रतिलिपी -१ थान

(घ) जमिन पार्किङ्गका लागि लिजमा लिने सम्बन्धि हस्तलिखित निबेदन-१ थान

५. शिलबन्दी दरभाउ पत्र फाराम खरिद गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिनेछ। यस्तो अबस्था शिलबन्दी दरभाउ पत्र गणना साबिककै मितिबाट गरिनेछ।

६. कुनै वा सबै शिलबन्दी दरभाउ पत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ भने शिलबन्दी दरभाउ पत्रका सम्बन्धमा अन्य अड्चन भएमा प्रचलित कानुन अनुसार गरिनेछ।

७. यस सम्बन्धी थप कुराको जानकारी आबश्यक परेमा कार्यालय समय भित्र कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

हरि बहादुर चन्द

प्रमुख प्रशासकीय अधिकृत